बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(राजश्व शाखा)
मार्तडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## व्यवसाय दर्ता र नवीकरण सम्बन्धी सार्वजनिक सूचना।

यस बडीमालिका नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका र हालसम्म व्यवसाय दर्ता नगरी सञ्चालन गरिरहेका उद्योग, व्यापार, व्यवसायिक फर्म, कम्पनी, बैंक तथा वित्तीय संस्था, लघुवित्त संस्था, सहकारी संस्था, निजी विद्यालय, अस्पताल, क्लिनिक, फार्मेसी, होटल, रेष्टुरेन्ट, पसल, रेडियो, एफ.एम., पत्रपत्रिका तथा अन्य सबै प्रकारका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा संस्थाहरूले अनिवार्य रूपमा बडीमालिका नगरपालिकाको कार्यालयमा व्यवसाय दर्ता अनिवार्य गरी मात्र व्यवसाय सञ्चालन गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गरिन्छ।

त्यसैगरी, व्यवसाय दर्ता गरिसकेका तर हालसम्म नवीकरण नगरेका सबै व्यवसायीहरूले आफ्नो व्यवसाय अनिवार्य रूपमा नवीकरण गर्नुहुन जानकारी गराइन्छ।

### विशेष सहुलियत

**१. व्यवसाय नवीकरण दस्तुरमा छुट**

आर्थिक वर्ष २०८३/०८४ मा व्यवसाय नवीकरण गर्नुपर्ने व्यवसायीहरूले आर्थिक वर्ष प्रारम्भ भएको मितिले **तीन (३) महिनाभित्र** व्यवसाय नवीकरण गरेमा बडीमालिका नगरपालिकाको आर्थिक ऐन २०८३ **अनुसार लाग्ने नवीकरण दस्तुरमा १५ (पन्ध्र) प्रतिशत छुट** प्रदान गरिनेछ।

**२. व्यवसाय दर्ता**

हालसम्म दर्ता प्रक्रियामा नआएका व्यवसायले आर्थिक वर्ष **२०८३/०८४** को प्रारम्भ भएको मितिले **तीन (३) महिनाभित्र** दर्ता र नवीकरण गरेमा **एकपटकका लागि आधार वर्ष २०७९/०८० कायम गरी पछिल्ला दुई (२) आर्थिक वर्षको नवीकरण दस्तुर छुट** प्रदान गरिनेछ। तर आधार वर्षभन्दा अघिका वर्षहरूको नवीकरण दस्तुर भने बडीमालिका नगरपालिकाको आर्थिक ऐन २०८३ अनुसार अनिवार्य रूपमा बुझाउनुपर्नेछ।

**३. कानुनी व्यवस्था**

यस सूचना प्रकाशित भएको मितिबाट तोकिएको अवधिभित्र व्यवसाय दर्ता तथा नवीकरण नगरी व्यवसाय सञ्चालन गरेको पाइएमा **स्थानीय सरकार सञ्चालन ऐन,** २०७४, र **बडीमालिका नगरपालिकाको व्यवसाय कर सम्बन्धीत कार्यविधी** २०८२ अनुसार व्यवसाय दर्ता, नवीकरण, जरिवाना, शुल्क असुल तथा आवश्यक कानुनी कारबाही गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

थप जानकारीका लागि बडीमालिका नगरपालिकाको राजस्व शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

..............................
लोकराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

Email Address: info@badimalikamun.gov.np, badimalikamunicipality@gmail.com Phone No: 097541285
Website: badimalikamun.gov.np